# निर्वाचन आयोग, नेपाल

## सूचना

"संवत् २०७४ साल असार १४ गते प्रदेश नं. १, २, ५ र ७ मा सम्पन्न हुने दोस्रो चरणको स्थानीय तह निर्वाचन प्रयोजनका लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १८ बमोजिम राजनीतिक दलहरूको तर्फबाट विभिन्न पदका लागि खडा गरिने उम्मेदवारहरूको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना यस आयोगको कान्तिपथ, काठमाडौंस्थित कार्यालयमा पेश गर्न भनी मिति २०७३।१२।२२, २०७३।१२।२६ र २०७४।१।१२ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरिएकोमा सो सम्बन्धमा उम्मेदवारहरूको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना पेश गर्न छुट भएका राजनीतिक दलहरू तथा सो मिति भित्र दस्तखत नमूना पेश गरेका तर दस्तखत नमूना परिर्वतन गर्न चाहेका राजनीतिक दलहरूले पदाधिकारीहरूको नाम, थर, पद र निजको दस्तखतको नमूना परिवर्तन गरी यस आयोगको कान्तिपथ, काठमाडौंस्थित कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिनभित्र अर्थात संवत् २०७४ साल जेष्ठ २७, २८ र २९ गते सम्ममा पेश गर्नका लागि सम्बन्धित राजनीतिक दलहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

यसरी मनोनयनको औपचारिक पत्र पेश गर्ने पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूना पेश गर्दा देहाय बमोजिमको प्रकृया पूरा गर्नुपर्ने व्यहोरा समेत सूचित गरिएको छ :-

१. दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले सोही समितिको पदाधिकारीलाई त्यस्तो दलको तर्फबाट मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना आयोगमा पेश गर्न तोक्ने गरी गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने,

२. प्रकरण १ बमोजिम तोकिएको पदाधिकारीले मनोनयनको औपचारिक पत्र प्रमाणित गर्नका लागि सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति वा प्रदेश समितिको पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूनाको सक्कलै प्रति पेश गर्नुपर्ने,

३. प्रकरण २ बमोजिमको मनोनयन पत्रको औपचारिक पत्र प्रदान गर्नका लागि सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति वा प्रदेश समितिको एक वा सोभन्दा बढी संख्यामा पदाधिकारी तोक्न सकिने र यसरी एकभन्दा बढी संख्यामा पदाधिकारी तोक्दा आयोगले निर्धारण गरेको ढाँचामा निजले औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको क्षेत्र (प्रदेश वा जिल्ला) समेत खुलाई छुट्टाछुट्टै फारम पेश गर्नुपर्ने,

४. प्रकरण २ वा ३ बमोजिमको दलको मनोनयनको औपचारिक पत्र प्रमाणित गर्ने पदाधिकारी निर्वाचन आयोगमा अद्यावधिक गरिएको सो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति वा प्रदेश समितिको पदाधिकारी हुनुपर्ने ।

**द्रष्टव्य** : विवरण फारमको ढाँचा आयोगको वेबसाइट www.election.gov.np बाट डाउनलोड गरी वा निर्वाचन आयोगको कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखाबाट प्राप्त गर्न सकिनेछ । साथै सार्वजनिक बिदाका दिनमा समेत आयोगको कार्यालय खुला रहनेछ ।"

अनुसूची-२
(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

**राजनीतिक दलले उम्मेदवार मनोनयन गरेको औपचारिक पत्र**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
.................... गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति,
.................. जिल्ला ।

स्थानीय तहको निर्वाचनको लागि............ जिल्लाको.................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/ जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा अध्यक्ष/सदस्य/ महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन.............................. लाई मनोनयन गरिएकोले यो औपचारिक पत्र प्रदान गरिएको छ । निजको विवरण निम्न बमोजिम छ ।

नाम, थर :- ............................
पिता/माताको नाम :-....................................
पति/पत्नीको नाम, थर :-.....................................
ठेगाना :- गाउँपालिका/नगरपालिका.......................वडा नं.......... गाउँ/टोल
..................................... जिल्ला ................

राजनीतिक दलको नाम :-
राजनीतिक दलको छाप :-

पदाधिकारीको दस्तखत :-........................
नाम, थर :- .................................
पद :-.................................

**बोधार्थ**
श्री.......................................
................................................
................................................